# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १५ मितिः२०७९/१०/२९

## भाग-२

## कालिमाटी गाउँपालिका

# अध्यक्ष कृषक सम्मान सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः२०७९/१०/२६

**प्रस्तावना**: कृषि क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारी माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षिक गरी गाउँपालिका भित्रै स्वरोजगार श्रृजना र व्यवसायिक तथा अर्ध-व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउन उत्कृष्ट कृषक, कृषक समूह, कृषि फर्म, पशुपंक्षि फर्म, कृषि सहकारी संस्थालाई पुरस्कार कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले कालिमाटी गाउँ कार्यपालिकाले यो **अध्यक्ष कृषक सम्मान सम्बन्धी कार्यविधि,** २०७९ तयार गरी जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अध्यक्ष कृषक सम्मान सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले कालिमाटी गाउँपालिका सल्यानलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कृषि विकास शाखा, पशु सेवा शाखा तथा वडा कार्यालयलाई सम्झनु पर्छ।

(ग) "व्यवसायी" भन्नाले कृषि पेशामा आवद्ध भई व्यवसायिक रुपमा कृषि बाली, पशुपंक्षी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारी संस्था समेतलाई सम्झनु पर्छ।

(घ) "कृषक" भन्नाले कृषि पेशामा आवद्ध भई व्यवसायिक रुपमा कृषि बाली, पशुपंक्षी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषि उद्यमी र निजी फार्म समेतलाई समेत सम्झनु पर्छ।

(ङ) "कृषक समूह" भन्नाले १५ देखि २५ जना कृषकहरु मिलेर आधिकारिक निकायमा दर्ता भएको समूहलाई सम्झनु पर्छ।

(च) "अध्यक्ष कृषक सम्मान कार्यक्रम" भन्नाले कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी संस्थालाई प्रदान गरिने सम्मान कार्यक्रम सम्झनु पर्छ।

(छ) "निवेदन" भन्नाले अध्यक्ष कृषक सम्मान प्राप्त गर्न कृषक, कृषक समूह कृषि फर्म, कृषि सहकारी संस्थाले पेश गरेको आवेदन समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>अध्यक्ष कृषक सम्मान कार्यक्रमः</u> अध्यक्ष कृषक सम्मान कार्यक्रम देहायनुसार हुनेछः

१) कृषि र पशुपंक्षी तर्फ वार्षिक रुपमा वडास्तरीय कृषक सम्मान कार्यक्रम तर्फ प्रत्येक वडाबाट प्रथम, द्धितिय र तृतिय गरी ३/३ जनाका दरले २१ जना कृषि तर्फका कृषक र २१ जना पशुपंक्षीपालक कृषक गरी जम्मा ४२ जना  तथा गाउँपालिका स्तरीय कृषक सम्मान कार्यक्रम तर्फ प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने ३ जना कृषि तर्फका कृषक र ३ जना पशुपंक्षीपालक कृषक गरी जम्मा ६ जना कृषक गरी कुल जम्मा ४८ जना कृषकलाई अध्यक्ष कृषक सम्मान कार्यक्रमबाट सम्मान गरिनेछ।

२) एक पटक यस पुरस्कारबाट पुरस्कृत हुने कृषक, कृषक समूह र सहकारीहरुलाई पुनः पुरस्कृत गरिने छैन। तर, वडा स्तरीय कृषक सम्मान कार्यक्रम तर्फ वडाबाट छनौट भई पुरस्कृत भएका कृषकहरु गाउँपालिकास्तरीय कार्यक्रमबाट पुरस्कृत हुन बाधा पुग्ने छैन ।

४. <u>सूचना प्रवाह र आवेदन सङ्कलनः</u> कालिमाटी गाउँपालिका अन्तर्गत कृषि शाखा तथा पशुसेवा शाखा र प्रत्येक वडा कार्यालयहरुले उत्कृष्ट कृषि उपज उत्पादक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारीलाई अध्यक्ष कृषक सम्मान कार्यक्रमका लागि सूचना प्रवाह र आवेदन सङ्कलन देहायनुसार हुनेछः-

१. अध्यक्ष कृषक सम्मान कार्यक्रममा सहभागी हुन कार्यालयले १ (एक) महिनाको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नु पर्नेछ। यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय सञ्चार माध्यमबाट समेत प्रचार प्रसार गर्न सकिनेछ।

२. सहभागी हुन चाहने व्यवसायिक कृषक, कृषक समूह/सहकारी, तथा निजी फार्महरुले कार्यालयले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको कृषकले अनुसूची-२ र अनुसूची ३ (क) र कृषक समूह/सहकारीले अनुसूची-२ र अनुसूची ३(ख) अनुसारको ढाँचामा उत्पादन, उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरी आवेदन पेश गर्नु पर्नेछ।

५. <u>प्राप्त आवेदन उपर मुल्याङ्कन तथा छनौटः</u> (१) कृषकबाट पेश भएका निवेदन व्यावसायिक बाली, पशुपंन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानी अनुसूची-४, अनुसूची-५ (क) र अनुसूची-५ (ख) मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिश गर्ने कार्य देहाय अनुसारको मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक -सदस्य

(ङ) योजना शाखा प्रमुख -सदस्य

(च) पशु सेवा शाखा प्रमुख -सदस्य

(छ) कृषि शाखा प्रमुख -सदस्य

नोटः कृषि तर्फको मूल्याङ्कन तथा छनौट समितिमा कृषि शाखाको शाखा प्रमुख सदस्य-सचिव र पशुविकास तर्फको पशु सेवा शाखाको शाखा प्रमुखले सदस्य-सचिवको काम गर्नु पर्नेछ।

(२) समितिले आवश्यकता अनुसार बैठकबाट बढीमा ३ जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरू मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ। उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ।

६. <u>मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकारः</u> मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायनुसार हुनेछ।

१. स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त निवेदन उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्ने।
२. आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार बमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।
३. समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त निवेदनहरुको योग्यताक्रम लिष्ट

तयार पारी अन्तिम लिष्ट तयार गरि सिफारिस साथ कालिमाटी गाउँ कार्यपालिकामा पेश गर्नेछ।

४. अध्यक्ष कृषक सम्मान कार्यक्रममा समावेश हुने कृषकका लागि सम्मान पुरस्कार राशिको निर्धारण गर्नेछ ।

७. <u>अध्यक्ष कृषक सम्मान कार्यक्रम घोषणा एवं पुरस्कार वितरणः</u>

(१) मूल्याङ्कन तथा छनौट समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा वार्षिक रुपमा वडास्तरीय कृषक सम्मान कार्यक्रम तर्फ प्रत्येक वडाबाट प्रथम, द्धितिय र तृतिय गरी ३/३ जनाका दरले २१ जना कृषि तर्फका कृषक र २१ जना पशुपंक्षीपालक कृषक गरी जम्मा ४२ जना तथा गाउँपालिका स्तरीय कृषक सम्मान कार्यक्रम तर्फ प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने ३ जना कृषि तर्फका कृषक र ३ जना पशुपंक्षीपालक कृषक गरी जम्मा ६ जना कृषक गरी कुल जम्मा ४८ जना कृषकलाई अध्यक्ष कृषक सम्मान कार्यक्रमबाट सम्मानका लागि नाम घोषणा गर्नेछ तथा पुरस्कार एंव सम्मान गर्ने कार्यक्रम आयोजना गरी नगद र प्रमाण-पत्र सहित सम्मान गरिनेछ।

(२) कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयले अध्यक्ष कृषक सम्मान कार्यक्रमबाट सम्मानित हुने कृषक, कृषक समूह र सहकारीहरुलाई जानकारी गराई पुरस्कार वितरण एंव सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

८. <u>पुरस्कार वितरण कार्यक्रमः</u> (१) अध्यक्ष कृषक सम्मान कार्यक्रममा वडास्तरमा छनौट भएका उत्कृष्ट कृषक, समूह र सहकारीलाई भौगोलिक विकटता भएका तथा गाउँपालिकाको केन्द्र सम्मको पहुँचमा पुग्न असहज हुने

वडाहरुको हकमा वडास्तरमा औपचारिक कार्यक्रम आयोजना गरी कृषक सम्मान तथा पुरस्कार वितरण गर्न सकिनेछ।

(३) गाउँपालिकास्तरीय कृषक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम गाउँ कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा हुनेछ।

(४) अध्यक्ष कृषक सम्मान कार्यक्रम समारोहको संचालन खर्च यसै कार्यक्रमका लागि विनियोजित व्यवस्थापन बजेटबाट गरिनेछ।

## परिच्छेद-३

## अनुगमन मूल्याङ्कनः

कार्यक्रम कार्यान्वयनको क्रममा कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ।

## परिच्छेद-४

## विविध

१६. **अध्यक्ष कृषक सम्मान कार्यक्रममा वितरण गरिएको पुरस्कार तथा कार्वाहीको व्यवस्थाः** उदाहरणीय काम गर्ने उत्कृष्ट कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि सहकारीलाई सम्मान कार्यक्रममा नगद पुरस्कार सहित सम्मान-पत्रले सार्वजनिक सम्मान गरिनेछ। तर झुटा विवरण पेश गरी सम्मान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी भविष्यमा त्यस्ता कृषक, कृषक समूह, कृषि सहकारीहरुलाई सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

१७. **अमान्य हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानुन सँग बाझिएमा अमान्य हुनेछ।

१८.<u>बाधा अड्काउ फुकाउनेः</u> (१) यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुहरुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सो को व्याख्या गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कालिमाटी गाउँ कार्यपालिकामा रहनेछ।

(३) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**अनुसूची-१**

**दफा ४ को उप-दफा (१) सँग सम्बन्धित**

<u>अध्यक्ष कृषक सम्मान कार्यक्रममा सहभागी हुने आवेदन आव्हानको सूचना</u>

सूचना! सूचना!! सूचना!!!

कालिमाटी गाउँपालिका भित्र रहेका कृषकहरुलाई सम्मान, प्रोत्साहन तथा कृषि पेशामा आम नागरिकलाई आकर्षण गर्नका लागी उत्कृष्ट कृषक, कृषक समूह, सहकारी, निजी फर्ममा आवद्ध कृषि व्यवसायीलाई सम्मान गर्न अध्यक्ष कृषक सम्मान कार्यक्रम राखिएकोले यस कालिमाटी गाउँपालिका भित्रका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १ (एक) महिना भित्र तपसिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्न हुन अनुरोध छ। थप जानकारीका लागि कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा, पशु सेवा शाखा र सम्बन्धित वडा कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

१. समूह/सहकारी/निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
३. कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. दुई प्रति पासपोर्ट साईजको फोटा

## अनुसूची-२

## दफा ४ को उप-दफा (२) सँग सम्बन्धित

निवेदन ढाँचा

मतिः......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय रामपुर, सल्यान ।
विषयः अध्यक्ष कृषक सम्मान कार्यक्रममा सहभागी गराई पाउँ।
महोदय,

मिति ...................... को सार्वजनिक सूचना अनुसारको अध्यक्ष कृषक सम्मान कार्यक्रममा सहभागी हुन सल्यान जिल्ला कालिमाटी गाउँपालिका वडा नं. ....... मा पर्ने ........................ नामक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्धमीले अनुसूचीमा संलग्न फारम भरि यो आवेदन पेश गरेका छौ/छु।

निवेदक
कृषक समूह/कृषक सहकारी संस्था/कृषि फार्म/उद्यमी
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नामः
पदः
सम्पर्क फोन नंः
मितिः
संस्थाको छापः

आवेदकको
फोटो

## अनुसूची-३ (क)

## कृषकले पेश गर्नुपर्ने निवेदन फाराम नमूना

**१. कार्यक्रममा सहभागिता हुने व्यवसायीको नामः**

**२. स्थायी ठेगानाः**

**३. सम्पर्क नम्बरः**

**४. श्रोत साधनको विवरणः**

| क.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसँग भएको श्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (लिजको लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ) | सिंचित क्षेत्रफल | | |
| २. | सिंचाईको श्रोत | | |
| क) | कूलो | | |
| ख) | वोरिङ्ग | | |
| ग) | ईनार | | |
| घ) | कृषि पशुपंशीजन्य यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

५. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | क्षेत्रफल/ परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | तरकारी वाली | | | |
| २. | फलफूल खेती | | | |
| ३. | रैथाने वाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | | | |
| ४. | उन्नत भैसी | | | |
| ५. | उन्नत गाई | | | |
| ६. | बाख्रा | | | |
| ७. | भेडा तथा च्याङ्ग्रा | | | |
| ८. | स्थानीय जातको कुखुरा | | | |
| ९. | नगदेबाली (अलैंची, कफि, उखु आदि) | | | |
| १०. | खाद्यान्नबाली | | | |
| ११. | दालबाली | | | |
| १२. | तेलबाली | | | |
| १३. | मसलाबाली | | | |
| १४. | माछापालन | | | |
| १५. | मौरीपालन | | | |

६. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छीपलान कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

७. लागनी स्थिति

| क.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छीपालन खर्च | | |
| ४ | प्रशोधन तथा बजारीकरण खर्च | | |
| ५ | औजार उपकरणमा खर्च | | |
| ६ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

८. व्यवसायमा भएको लगानीको श्रोत

| क्र.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रमक | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रमक | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | **कुल जम्मा** | | |

९. कृषि व्यवसायबाट बार्षिक आम्दानी स्थिति

| क्र.सं. | आम्दानीको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपलान कार्यबाट | | |
| ३ | पन्छीपलान कार्यबाट | | |
| ४ | कृषि/पशुजन्य उपजको बजारीकरणबाट | | |
| ५ | कृषि व्यवसाय अन्तर्गत अन्य कुनै माध्यमबाट | | |
| | **कुल जम्मा आम्दानी** | | |

१०. निम्न विषयमा सहभागि कृषक दक्षताः

| क्र.सं. | दक्षताको किसिम | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको/नभएको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण जैविक प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको) | |
| ८ | समूह, सहकारीको सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान प्रदान (गरेको/नगरेको) | |

११. नयाँ प्रविधिको विकास

१२. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१३. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१४.कृषि व्यवसाय प्रवर्द्धन भावी योजना (कुनै भएमा)

१५. कृषकको सफलताको कथा

## १६. अनुसूची-३ (ख)

## कृषक समूह/सहकारीले पेश गर्नुपर्ने निवेदन फाराम नमूना

| क्र.सं. | कृषक समूह/सहकारीको विवरण | |
|---|---|---|
| १ | समूह/सहकारीको नाम | |
| २ | ठेगाना | |
| ३ | समूह/सहकारीमा किसिम (महिला/पुरुष/मिश्रीत) | |
| ४ | सदस्य संख्या (महिला/पुरुष/जनजाति/अन्य) | |
| ५ | गठन भएको मिति | |
| ६ | निरन्तर रुपमा नियमित बैठक बस्ने गरेको वा नगरेको | |
| ७ | PAN मा दर्ता भएको/नभएको | |
| ८ | समूह/सहकारीको कार्यालय वोर्ड राखेको/नराखेको | |
| ९ | समूह/सहकारी परिचालन अनुभव | |
| १० | हितकोष सम्बन्धी विवरण | |

| | | |
|---|---|---|
| (क) | मासिक बचत रमक प्रति सदस्य | |
| (ख) | संकलित हितकोष रकम रु | |
| (ग) | हितकोष रकम परिचालन स्थिति | |
| (घ) | लगानी रु | |
| (ङ) | कृषि क्षेत्रमा लगानी | |
| (च) | असुली रु | |
| ११ | समूह/सहकारीले गरेको मुख्य मुख्य क्रियाकलापहरु | |
| (क) | जिविकोपार्जनमा सहयोग उल्लेख गर्ने | |
| (ख) | व्यवसायिक कृषि उत्पादनमा संलग्नता | |
| (ग) | बजारीकरण स्थिति | |
| (घ) | पोष्ट हार्भेष्ट तथा प्रशोधन कार्यमा संलग्नता | |
| (ङ) | आय आर्जनमा सहयोग | |
| (च) | सामाजिक क्रियाकलापमा संलग्नता | |

| | | |
|---|---|---|
| १२ | समूह/सहकारीले अवलम्वन गर्का नविनतम प्रविधि भए उल्लेख गर्ने | |
| १३ | समूह/सहकारीले अवलम्वन गर्का स्थानीय प्रविधि भए उल्लेख गर्ने | |
| १४ | समूह/सहकारीले अवलम्वन गरेका अन्य कुनै भए उल्लेख गर्ने | |
| १५ | समूह/सहकारीले कुनै निकायबाट अनुदान प्राप्त गरेको कुनै भए उल्लेख गर्ने | |

**अनुसूची-४**

**उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)**

| क.सं. | बाली/वस्तु | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | तरकारी वाली | ५ रोपनी | |
| २ | टनेल भित्र तरकारी खेती | ५ वटा टनेल | |
| ३ | फलफूल खेती | फल फल्ने १०० वटा बोट | |
| ४ | फलफूल बगैचा | १०० वटा विरूवा | |
| ५ | रैथाने वाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | ३ रोपनी | |

| | | | |
|---|---|---|---|
| ६ | खाद्यान्नबाली | १० रोपनी | |
| ७ | दालबाली | ५ रोपनी | |
| ८ | तेलबाली | ५ रोपनी | |
| ९ | मसलाबाली | ५ रोपनी | |
| १० | माछापालन | २ रोपनी | |
| ११ | मौरीपालन | २५ आधुनिक घार | |
| १२ | च्याउ खेती | २ वटा टनेल | |
| १३ | केरा खेती | २ रोपनी | |
| १४ | तरकारी तथा फलफूलको नर्सरी | १ रोपनी | |
| १५ | भेडा बाखा | ३०/३० वटा माउ | |
| १६ | बंगुर सुंगुर | १० वटा माउ | |
| १७ | गाई भैंसी | ५/५ वटा माउ | |
| १८ | कुखुरा (लोकल) | १०० वटा | |

| | | | |
|---|---|---|---|
| १९ | हाँस | ५० वटा | |
| २० | घाँसखेती | ५ रोपनी | |

नोटः कम्तिमा २ वर्षसम्म गाउँपालिकाको अन्य कुनै पनि पुरस्कारबाट सम्मानित नभएको कृषक हुनुपर्नेछ।

## अनुसूची-५(क)

## उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारामको मूल्याङ्कनमा आधारहरुः

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एवं सदुपयोग | ५ | |
| २ | कार्य अनुभव तथा स्थानीय समुदायमा अनुभव आदान प्रदान एवं योगदान | १० | |
| ३ | उत्पादन स्थिति/उत्पादकत्व | १५ | |
| ४ | रोजगारी सिर्जनाको स्थिति | १५ | |
| ५ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |

| | | | |
|---|---|---|---|
| ७ | प्राविधिकसँगको समन्वयन सम्पर्क | ५ | |
| ८ | प्राविधिक ज्ञान र सीप बारे जानकारी एवं प्रयोग स्थिति | १० | |
| ९ | कृषि व्यवसायको दिगोपना स्थिति | १० | |
| १० | सृजनात्मक/नविनतम कार्य गरेको | १० | |
| | **कुल जम्मा** | १०० | |

नोटः मूल्याङ्कन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु तयार गर्न सक्नेछ।

अनुसूची-५ (ख)

कृषक समूह/सहकारी मूल्याङ्कन फारम

| क.सं. | मूल्याङ्कन आधारहरु | पूर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|
| १ | समूह/सहकारीको वैठक सञ्चालन र लिइएको निर्णयहरुको कार्यान्वायन | १० | |
| २ | हित कोष स्थापना र परिचालन अवस्था | १० | |
| ३ | श्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| ४ | समूह/सहकारीको पारदर्शिता र अन्य निकायसँग समन्वय | ५ | |
| ५ | समूह/सहकारीको दिगोपना र अभिलेख तथा अन्य विवरण व्यवस्थापन | १० | |
| ६ | समूह/सहकारीले गरेको सेवा/ क्रियाकलापहरुको प्रभावकारिता तथा सामाजिक योगदान | १० | |
| ७ | कृषि/पशुपालन क्षेत्रमा लगानी | १५ | |
| ८ | समूह/सहकारीको श्रृजनशिलता/नविनतम कार्य | १० | |
| ९ | रोजगारी सिर्जना र आयआर्जनमा वृद्धि | १५ | |
| १० | साझेदारी/सामुहिक रुपमा क्रियाकलाप | ५ | |
| | **कुल जम्मा** | | |

नोटः मूल्याङ्कन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उप-आधारहरु तयार गर्न सक्नेछ।

**उत्कृष्ट सहकारी संस्था छनौटका लागि सहकारी संस्थाले पुरा गर्नुपर्ने न्यूनतम मापदण्डहरु:**

(क) संस्था स्थापना भएको कम्तीमा ३ वर्ष पूरा भएको,

(ख) संस्थाले आफ्नो कार्य क्षेत्र भित्र मात्र कारोवार गरेको,

(ग) संस्था कम्तीमा २ वर्ष देखि नाफामा सञ्चालन भएको,

(घ) भाखा नाघेको ऋणको अंश जम्मा लगानीमा रहेको ऋणको पाँच प्रतिशत भन्दा कम रहेको,

(ङ) बचत तथा ऋण बाहेक अन्य संस्थाको हकमा बचत तथा ऋणको मुख्य कारोवार नगरेको,

(च) सदस्य केन्द्रीय भई व्यवसाय सञ्चालन गरेको,

(छ) संस्थाको काम कारवाही उपर उजुरी परी कारवाहीमा नपरेको,

(ज) सदस्यले संस्थामा गरेको कारोवारको आधारमा संरक्षित पुँजीको वितरण गर्ने गरेको,

(झ) सञ्चालक र लेखा सुपरिवेक्षण समितिले बैठक विनियत बमोजिम नियमित रुपमा बस्ने गरेको,

(ञ) शेयर पुँजी र जगेडा कोषमा रहेको कूल रकमको पन्ध्र गुणा भन्दा बढी बचत संकलन नगरेको,

(ट) सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को व्यवस्थाहरुको पालना गरेको,

(ठ) सञ्चालक समितिमा महिला सदस्यको प्रतिनिधित्व भएको,

(ड) आन्तरिक कार्यविधि, रणनीतिक तथा व्यवसायिक योजना बनाई संस्था सञ्चालन भएको,

(ढ) लेखा समितिको प्रतिवेदन साधारण सभामा पेश भई पारित भएको,

(ण) कर चुक्ता गरेको

(त) असोज महिना भित्र लेखापरिक्षण र पुष महिना भित्र साधारण सभा सम्पन्न गरेको,

(थ) नियामक निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन पठाउने गरेको,

(द) वित्तीय र बहुउद्देश्यीय संस्थाको हकमा कम्तीमा एक सय, अन्य (उत्पादक र उपभोक्ता) संस्थाको हकमा कम्तीमा पचास र श्रमिक संस्थाको हकमा कम्तीमा तीस जना शेयर सदस्य भएको।

आज्ञाले,
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत